सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १४

आ.व:२०८२/०८३

मिति: २०८२ चैत्र २४, मंगलबार

समय: बिहान ८:०० बजे

स्थान: सुनापति गाउँपालिका, कार्यपालिका बैठक कक्ष

आज मिति २०८२ साल चैत्र २४ गते मंगलवारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिति:

१. श्री ठुलोकान्छा तामाङ — अध्यक्ष

२. श्री गीता बिष्ट — उपाध्यक्ष

३. श्री ध्रुव प्रसाद चौलागाईं — सदस्य

४. श्री पदम वहादुर थापा — सदस्य

५. श्री कुल वहादुर थिङ — सदस्य

६. श्री डण्डुप लामा — सदस्य

७. श्री चित्र वहादुर मानन्धर — सदस्य

८. श्री रिता कामी धमला — सदस्य

९. श्री अविना लामा — सदस्य

१०. श्री सुनमाया तामाङ — सदस्य

११. श्री हरि माया श्रेष्ठ — सदस्य

१२. श्री टासी लामा — सदस्य

१३. श्री मिन कुमार खाती — सदस्य

१४. श्री कमल वहादुर वम — सचिव

अन्य उपस्थिति:

१५.श्री रविन्द्र कुरेल - प्रशासन शाखा प्रमुख

१६.श्री शुक्र वहादुर तितुङ - कार्यालय सहयोगी

**प्रस्ताव तथा निर्णयहरु:**

**१. योजना अनुगमन र भुक्तानी सम्बन्धमा**

तपसिल बमोजिमका योजनाहरू कार्यसम्पन्न भइसकेकाले भुक्तानीको प्रक्रिया अघि बढाउने निर्णय गरियो:

- वडा न. २ अन्तर्गत ढिमी सक्षम सामुदायिक भवन निर्माण रु. ८ लाख।
- वडा न. ३ अन्तर्गत प्रतिक्षालय निर्माण (खरकडाँडा, देउसे चौतारा र मगरभस्मे) रु. ५ लाख २० हजार।
- वडा न. ४ अन्तर्गत

  कुशेश्वर मन्दिर निर्माण रु. २ लाख ५० हजार।

  नेत्रेश्वर महादेव मन्दिर घेराबार रु. २ लाख ५० हजार।

  भ्यासा जनहित सामुदायिक भवन तथा भ्यासा सामुदायिक भवन रु. ५ लाख ५० हजार।
- वडा न. ५ अन्तर्गत

  खनियापानी पल्लो भञ्ज्याङ ट्रष्ट भवन निर्माण रु. ३ लाख।

  कृष्णपुरी मा वि खानेपानी ट्याङ्की निर्माण रु. ५ लाख।

  बरबोट कुल मन्दिर बुढाथोकी घर सडक ट्र्याक ओपन रु. २ लाख।

  लुभु खनियापानी बाटो मर्मत तथा सरसफाइ बापतको ५०,०००/- दायित्व भुक्तानी दिने।

कटुञ्जे सामुदायिक भवन निर्माणका लागि आ.व.२०८२/८३ मा ३० लाख बजेट सुनिश्चित भएकोमा सो सामुदायक भवनको निर्माण सोही बजेट सीमा भित्र रही निर्माण गराई भुक्तानी दिने

**२. पालिकास्तरीय बालमैत्री स्थानीय शासन समिति गठन सम्बन्धमा**

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को दफा १६ बमोजिम बालमैत्री स्थानीय शासन गाउँ समितिको पूर्णताका लागि यस सुनापति गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणाको लागि तपसिल बमोजिमका व्यक्तिहरु रहने गरी समिति गठन गर्ने निर्णय गरियो:

- महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघ संस्था मध्येबाट अध्यक्षले मनोनयन गरेको एक जना महिला सहित २ जना प्रतिनिधि अन्तर्गत

  सहास नेपालतर्फबाट- तुलशा क्षेत्री

  हिमाली नवीन समाजबाट- सन्तोष पौडेल
- स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरू मध्येबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि अन्तर्गत

  विद्यालय व्यवस्थापन समितितर्फः श्री राजु लामा (वि.व्य स अध्यक्ष, श्री बाल मा वि भिरकोट)

  स्वास्थ्य व्यवस्थापन समिति तर्फः श्री तारा कार्की (सदस्य, सुनापति आधारभूत अस्पताल व्य.स.)
- गाउँपालिकामा कार्यरत महिला शिक्षक र महिला स्वास्थ्य स्वयम सेविका मध्येबाट अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि अन्तर्गत

  महिला शिक्षकः श्री रमिता योञ्जन (श्री पशुपति मा.वि. नागसिवा)

  महिला स्वास्थ्य स्वयम सेविकाः श्री सरस्वती राय (बेथान)
- गाउँपालिका स्तरीय बाल सञ्जालका अध्यक्ष कम्तिमा १ जना बालिका सहित सहित २ जना अन्तर्गतः

  बालक सदस्यः श्री

  बालिका सदस्यः श्री
- महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये अध्यक्षले तोकेको महिला प्रतिनिधि अन्तर्गतः

  श्री किरण श्रेष्ठ (वडा न. ५)

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

➢ गाउँ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना सदस्यः श्री शेर बहादुर बाराकोटी, इलाका प्रहरी कार्यालय, बेधानका असइ।

➢ सदस्य सचिव श्री कमल बहादुर बमः शिक्षा शाखा प्रमुख तथा सामाजिक विकास समिति सदस्य सचिव।

२. विविध सम्बन्धमा

➢ यस गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मी पारिजात श्रेष्ठलाई सूनापति आधारभूत अस्पताल हिलेदेवीमा कामकाज गर्न खटाउने।

➢ सोल्सिङ पानी सडक स्तरोन्नति आयोजना कार्यान्वयन गर्ने।

➢ राष्ट्रिय परिचय पत्र प्राप्तिका लागि १ थान IRIs EYE Scanner डिभाइस खरिद गर्ने।

➢ आ.व. २०८२/८३ को सुनापति गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र अध्यक्ष कप भलिवल प्रतियोगिता सञ्चालनका क्रममा सुनापति खेलकुद विकास समितिबाट पेस भएको बिल बमोजिम नपुग रकम रु १३ लाख मध्ये रु ५ लाख ५० हजार मात्र भुक्तानी दिने र बाँकी रकम रु ७ लाख आगामी आ.व २०८३/८४ मा भुक्तानी गर्ने गरी दायित्वमा राख्ने निर्णय गरियो। सो रकम लहरेमाने पूजा र उद्घाट्न कार्यक्रम रु ८,००,०००/- बाट रकमान्तर गरी भुक्तानी दिने।

➢ लहरेमाने पूजा र उद्घाटन कार्यक्रम रु. ८,००,०००/- लाई देहाय बमोजिम रकमान्तर गर्नेः

तपसिलः

| कायम भएको योजना र बजेट | रकमान्तर भएको योजना र बजेट | कैफियत |
|---|---|---|
| लहरेमाने पूजा र उद्घाटन कार्यक्रम रु. ८,००,०००/- | सुनापति खेलकुद विकास समिति रु. ५,५०,०००/- | |
| | आर्थिक वर्ष २०८२/०८३ को जेसी अडिट कार्यक्रम रु. २,००,०००-/ | |

➢ गाउँ शिक्षा समितिको मिति २०८२।१०। गतेको बैठकको निर्णय बमोजिम यस गाउँपालिकालाई प्राप्त विद्यालयमा भर्चुअल शिक्षण, इ लर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री र उपकरण व्यवस्थापन शीर्षकको कोटा संख्या १ (एक, बजेट रु १० लाख) का लागि श्री बाल मा वि भिरकोट छनोट भएकोमा उक्त कार्य सम्पन्नका लागि विद्यालयले पेस गरेको प्रस्ताव स्वीकृत गर्ने।

➢ यस सुनापति गाउँकार्यपालिका कार्यालयको पूर्वाधार शाखामा कार्यरत सब-इन्जिनियर अमृता शाह स्वास्थ्य समस्या तथा प्रजनन् स्वास्थ्य समस्याको कारण बेतलवी विदामा बसी उपचार गराई रहेकोले निजको बेतलवी विदा थप गरी विदा स्वीकृत गर्न प्रमुख प्रशासकीय अधिकृतलांई निर्देशन दिने।

➢ तपसिल बमोजिमको समूह तथा व्यक्तिलाई आर्थिक सहायताकोषबाट सहायता रकम भुक्तानी गर्नेः

तपसिलः

१ . माझि समुदायको लदि पुजा कार्यक्रमको लागि सहयोग रकम रु. ७५,००,०००/- प्रदान गर्ने।

२. सुनापति डाँडा शिव मन्दिरमा शिव लिंग माथि लगे बापतको खाना खाजा खर्च विल भर्पाइ बमोजिम पदम लामालाई भुक्तानी दिने।-

➢ नेपाल टेलिकम मन्थली र एरोनेट मन्थलिले वडा नं. ४ वडा कार्यालयको एक वटा कोठा विगत २०७६ साल देखि निरन्तर भाडा नतिरी साथै कुनै सम्झौता र आदेश बिना प्रयोग गरिरहेकोमा २०७६ साल देखि

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

हाल सम्म प्रयोग गरेबापत मासिक रु. ३०००/- को दरले कोठाभाडा सुनापित गाउँपालिकाको राजस्व खातामा दुवैबाट दाखिला गर्ने लगाउने र पुनः प्रयोगको लागि माग गरेमा नियमानुसार सम्झौता गरी मासिक सोहि भाडा दरमा प्रयोग गर्न दिने।

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner